# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ६ चौमाला, कैलाली साउन ०९ गते सोमबार, २०७९ साल, (संख्या ०१)

भाग -३

## गौरीगङ्गा नगरपालिकाको निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावनाः** एम्बुलेन्स सेवालाई सरल, भरपर्दो र व्यवस्थित बनाउँदै जनताको स्वास्थ्य सेवामा पहुँच बढाउने नगरपालिको नीति तथा कार्यक्रम भावनालाई आत्मसाथ गर्दै नगरपालिकालाई घरमा सुत्केरी शून्य बनाउन र गर्भवती महिलाहरूलाई घरमा सुत्केरी हुन नपरोस् र घरमा सुत्केरी भएका कारणबाट हुन सक्ने मातृ तथा शिशु मृत्युदरलाई रोकी स्वास्थ्य संस्थाहरूमा सुरक्षित सुत्केरी हुन प्रोत्साहन गर्न निःशुल्क एम्बुलेन्सलाई सेवाको प्रभावकारी कार्यान्वयन गर्न यो कार्यविधि बनाई लागु गर्न वाञ्छनीय भएकोले,

गौरीगङ्गा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७६ को दफा ४ को अधिकार प्रयोग गरी गौरीगङ्गा नगरपालिकाको निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ जारी गरिएको छ ।

**१)संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ रहेको छ ।

(ख) यो कार्यविधि राजपत्रमा प्रकाशन पश्चात् तुरुन्त प्रारम्भ हुने छ ।

२) **परिभाषाः**-विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ।

(क) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्वीकृत प्राप्त गरेको वाहन सम्झनु पर्छ र यो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र सहचालक लाई समेत जनाउने छ।

(ग) "एम्बुलेन्स चालक" भन्नाले एम्बुलेन्स चलाउन अनुमति प्राप्त चालक सम्झनु पर्दछ ।

(घ) "नगरपालिका "भन्नाले गौरीगङ्गा नगरपालिकालाई जनाउने छ ।

(ङ) "संस्था" भन्नाले एम्बुलेन्स सञ्चालन गरी रहेका सरकारी, गैर सरकारी, सहकारी, क्लबहरू, ट्रस्टहरू तथा अन्य समेतलाई जनाउने छ ।

(च) "समिति" भन्नाले नगरपालिका स्तरीय निःशुल्क एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिलाई जनाउने छ ।

(छ) "निःशुल्क एम्बुलेन्स सेवा" भन्नाले गर्भवती महिला जसको सुत्केरी हुने अनुमानित मिति पुगेको र प्रसव पिडा सुरु भएको वा गर्भका कारण गर्भवती महिला तथा बच्चाको जीवन जोखिममा भएको तर सुरक्षित सुत्केरी सेवा उपलब्ध हुने र उपचार हुने नजिकको स्वास्थ्य संस्थासम्म सेवा लिन समयमा जान यातायातको विकल्प नभएको तथा यातायातको साधनसम्म आर्थिक अभावका कारण पहुँच नभएकाहरूलाई नगरपालिकाबाट एम्बुलेन्समा इन्धन खर्च बापतको रकम शोध भर्ना गरी उपलब्ध गराइने एम्बुलेन्स सेवालाई जनाउने छ ।

३ **सेवा सञ्चालन अनुमति** (१) कुनै सेवा उपलब्ध गराई रहेका तथा हाल सेवा उपलब्ध नगराएका वाहनहरूले निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन गर्नका लागी समिति समक्ष निवेदन पेस गर्नु पर्नेछ ।

(२) उपदफा १ बमोजिम प्राप्त निवेदन उपर छानबिन तथा आवश्यक जाँच गरी निःशुल्क एम्बुलेन्स सेवा सञ्चालनका लागि अनुमति दिन मनासिब देखेमा कार्यक्रम सञ्चालनमा रहेसम्म प्रत्येक वर्ष नवीकरण गर्ने गरी एक आर्थिक वर्षमा सम्झौता नवीकरण गर्ने गरी सेवा सञ्चालन गरिनेछ ।

(३) उपदफा २ बमोजिम अनुमति प्राप्त संस्थाहरूले आफ्नो संस्थाबाट प्रदान गरेको सेवाको मासिक रूपमा नगरपालिकामा प्रतिवेदन पेस गरी सो प्रतिवेदनका आधारमा रकम भुक्तानी माग दाबी गर्नु पर्नेछ ।

**(४) निःशुल्क एम्बुलेन्स सञ्चालन समन्वय समिति** :१) निःशुल्क एम्बुलेन्स सम्बन्धी आवश्यक छलफल तथा नीतिगत निर्णयहरू गर्नु पर्ने अवस्था कालागि देहाय बमोजिमको कार्यपालिकाले समिति गठन गर्न सकिनेछ ।

(क) कार्यपालिका सदस्य १ जना - अध्यक्ष

(ख) महिला स्वास्थ्य स्वयम् सेविकाहरू मध्ये बाट १ जना -सदस्य

(ग) नगरपालिका अन्तरगत रहेका स्वास्थ्य संस्था मध्येबाट १ जना -सदस्य

(घ) नगरपालिका भित्र सुरक्षित सुत्केरी सेवा सञ्चालन रहेका स्वास्थ्य संस्थाहरू मध्ये १ जना -सदस्य

(ङ) स्वास्थ्य शाखा संयोजक वा सुरक्षित मातृत्व कार्यक्रम स्रोत व्यक्ति १ जना -सदस्य सचिव

(२) उपदफा १ बमोजिम गठन भएको समितिको काम कर्तव्य र अधिकारहरू देहाय बमोजिम हुनेछ ।

(क) निःशुल्क एम्बुलेन्स सेवा कार्यक्रम सम्बन्धी नीतिगत सुधारका लागि आवश्यक अध्ययन गरी निर्णयहरू गर्ने ।

(ख) यस कार्यविधि अनुसार एम्वुलेन्सहरु सञ्चालन भए नभएको अनुगमन गर्ने ।

(ग) निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराए बापत नगरपालिकाबाट दिइने शोधभर्ना रकमको पुनरावलोकन गर्ने ।

(घ) निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराए बापत एम्बुलेन्स सञ्चालकलाई भुक्तानी दिने रकम अनुमोदन गर्ने ।

३) समितिको कुल सदस्यहरूको ५१ प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठक बस्नका लागी गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

४) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

गौरीगङ्गा राजपत्र

५) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समितिको बैठकले निर्धारण गरेबमोजिम हुनेछ ।

६) समितिको बैठक तथा अनुगमन बापतको भत्ता नियमानुसार प्रदान गर्न सकिने छ

७) समितिको बैठकहरूमा आवश्यकता अनुसार सम्बन्धित सरोकार बालाहरूलाई आमन्त्रित गर्न सकिने छ ।

**५)संस्थाको कर्तव्य (१)** संस्थाको कर्तव्य देहाय बमोजिम हुनेछ ।

(क) कार्यविधिको मर्म तथा सम्झौता बमोजिमका सर्तहरू पालना गरी समितिको समन्वयमा निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने ।

(ख) समितिको निर्णय तथा कार्यविधिले तोके बमोजिमको सेवा उपलब्ध गराए अनुसार मासिक तथा वार्षिक रूपमा प्रतिवेदन तयार गरी पेस गर्ने र प्रतिवेदनका आधारमा रकम भुक्तानी माग गर्ने ।

(ग) संस्था, चालक र सञ्चालकको नाम ठेगाना र सम्पर्क नम्बर सबैले जानकारी प्राप्त गर्ने गरी सबै तिर उपलब्ध गराउने तथा सरकारी कार्यालयमा टाँस्ने ।

(घ) कार्यविधिले तोकेको समूह वा सेवाग्राहीहरूलाई मात्र निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने र तोकेका समूह बाहेकका हकमा यो कार्यविधि तथा यस कार्यविधि बमोजिम गरेको सम्झौता लागु नहुने ।

(ङ) निःशुल्क एम्बुलेन्स सेवामा पहिलो प्राथमिकता सुत्केरी हुने अवस्थामा रहेको महिलालाई दिनु पर्नेछ ।

(च) जोखिमका आधारमा प्राथमिकता निर्धारण गरी जोखिममा रहेको सेवाग्राहीलाई पहिले सेवा प्रदान गर्नु पर्ने ।

(छ) प्राथमिकता निर्धारण गर्दा आफ्नो नगरपालिका क्षेत्र भित्र पहिलो प्राथमिकता राख्नु पर्ने र नगरपालिका क्षेत्र भित्र पनि पहुँच बाट टाढा रहेको तथा यातायातको सहज पहुँच नभएको ठाउँमा पहिलो प्राथमिकता दिनुपर्ने ।

(ज) कुनै पनि बहानामा निःशुल्क एम्बुलेन्स सेवाबाट कसैलाई पनि वञ्चित गर्न नहुने ।

(झ) एम्बुलेन्सलाई २४ (चौबिसई) घण्टा सेवा प्रवाह गर्ने अवस्थामा राख्नु पर्ने ।

गौरीगङ्गा

(ञ) समितिले दिएका निर्देशनहरू पालना गर्नु पर्ने ।

**(६) वित्तीय व्यवस्थापन (१)** निःशुल्क एम्बुलेन्स सेवा बापतको शोधभर्ना रकम भुक्तानीका लागी नगरपालिकाले बजेट विनियोजन गर्नेछ साथै विनियोजित बजेट अपुग हुन गएमा थप बजेटको व्यवस्था समेत नगरपालिकाबाट विनियोजन गर्नु पर्नेछ ।

**(७) सोध भर्ना रकम (१)** यस कार्यविधि अनुसार कार्यविधिको प्रस्तावना तथा निःशुल्क एम्बुलेन्स सेवाको परिभाषा विपरीत नहुने गरी नगरपालिकाको जुन सुकै वडा, टोल तथा वस्तिबाट सेवा प्रदान गरिएको प्रति सेवा बापत बढीमा १२०० अक्षेरुपी एक हजार दुई सय नबढ्ने गरी रकम भुक्तानी नगरपालिकाले गर्नेछ । यसरी रकम भुक्तानीका लागि प्रतिवेदन तथा सिफारिस आवश्यक पर्नेछ । यो सेवा नगरपालिकाका स्थायी बासिन्दाहरूको लागी १ वर्षमा १ व्यक्तिका लागी १ पटक मात्रै उपलब्ध गराइनेछ । यसरी निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउँदा नगरपालिका भित्र सेवा उपलब्ध हुने स्वास्थ्य संस्थाहरू मा मात्रै पु¥याउनु पर्नेछ । नगरपालिका भित्र सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरूको रेफर बिना अन्य स्वास्थ्य संस्थाहरूमा पु¥याए बापतको रकम भुक्तानीका लागी नगरपालिका बाध्य हुने छैन तर रेफर सेवाग्राहीको हकमा नजिकको प्रेषण केन्द्र सम्म पुर\याए बापत शोधभर्ना रकम भुक्तानी गर्न बाधा पर्ने छैन ।

**(७)अनुमति रद्द तथा कारबाही (१)** समितिको अनुगमनका क्रममा कुनै संस्थाले यस कार्यविधि तथा कार्यविधि अनुसार भएको सम्झौता विपरीतका कार्यहरू गरेको तथा बिरामी ओसार पसार बाहेक अन्य प्रयोजनमा एम्बुलेन्स प्रयोग गरेको पाइएमा सम्झौता रद्द गरी एम्बुलेन्स सञ्चालनमा रोक समेत लगाउन सक्नेछ।

**(८) स्वास्थ्य संस्थाहरूले नियमित प्रतिवेदन पेश गर्नु पर्नेः (१)** सुरक्षित सुत्केरी सेवा सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरू मध्ये निःशुल्क एम्बुलेन्स सेवा अन्तर्गत निःशुल्क एम्बुलेन्स सेवा लिएर सेवा दिए बापतको सेवा विवरण मासिक, चौमासिक तथा वार्षिक रूपमा नगरपालिकाको स्वास्थ्य शाखामा पेस गर्नु पर्दछ ।

आज्ञाले
हरिदत्त भट्ट
प्रमुख प्रशासकिय अधिकृत

गौरीगङ्गा राजपत्र